(फोन नं.): ०६६-५२०१५०

बेसीशहर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

२०७३

बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल

प.सं. (Ref No.): २०८३/०८४

च.नं. (Dis No.):

मितिः २०८३।०४।२२

## बेसीशहर नगरपालिकाको क्षेत्रभित्र वालुवा तथा वालुवा मिसिएको ग्राभेल संकलन गरी बिक्री गर्ने कार्यको लागि दरभाउ-पत्र आह्वान गरिएको सम्बन्धी

# सूचना! सूचना!! सूचना!!!

**(दोस्रो पटक प्रकाशित मिति : २०८३।०४।२२)**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ दफा ११ को घ (१) को अधिनमा रही बेसीशहर नगरपालिकाको स्वीकृत आर्थिक ऐन, २०८३ ले तोकेका दररेट कायम हुने गरी यस कार्यालयको मिति २०८३।०३।२४ को निर्णयानुसार बेसीशहर नगरपालिका क्षेत्रभित्रका खोला तथा नदीहरुमा रहेका तपसील बमोजिमका घाट तथा स्थानहरुमा जम्मा भएर रहने नदीजन्य पदार्थ (वालुवा, गिट्टी, ग्राभेल) संकलन गरी बिक्रीका लागि ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले कानूनी प्रकृया पुरा गरेका इच्छुक व्यक्ति वा फर्महरुले दर्ता/नवीकरणको प्रमाण-पत्र, मूल्य अभिबृद्धि कर दर्ता प्रमाण, कर चुक्ताको प्रमाण-पत्र र नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी संलग्न गरी तपसिल बमोजिमको शर्तहरुको अधिनमा रही ईजिपी माध्यामबाट ठेक्का प्रकृयामा सहभागी हुन मिति २०८३।०४।०७ मा ७ (सात) दिनको सूचना प्रकाशन गरिएकोमा कुनैपनि दरभाउ पत्रहरु पेश हुन नआएकोले यस कार्यालयको मिति २०८३।०४।२२ को निर्णयानुसार हार्डकपी र ईकपी दुबै माध्यमबाट सहभागी हुन पुनः ७ (दिन)को लागि दोस्रो पटक यो सूचना प्रकाशन गरिएको छ ।अन्य थप जानकारीका लागि यस कार्यालयको वेभर्साईट www.besishaharmun.gov.np वा सार्वजनिक खरिद अनुगमनको कार्यालयको वेभर्साईट www.bolpatra.gov.np तथा यस कार्यालयको राजश्व शाखामा सम्पर्क राख्न सकिनेछ ।

**तपसील**

| क्र.सं. | ठेक्का नं. | उत्खनन् गरिने घाटको नाम तथा क्षेत्र | वडा | ल.मि. | चौ.मि. | उ.मि. | परिमाण (घ.मि.) | न्यूनतम ठेक्का रकम | फाराम दस्तुर |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | Revenue/SQ/07 | **बेलौती विसौना खण्ड (क)** (डिलबहादुर रिमालको जग्गा अगाडिको खण्ड) | ६ | ८० | २० | १ | १६०० | ४५५००० | १००० |
| २ | Revenue/SQ/08 | **बेलौती विसौना खण्ड (ख)** (ओमबहादुर रिमालको जग्गा अगाडिको खण्ड) | ६ | ४५ | २० | १ | ९०० | २५५००० | १००० |
| ३ | Revenue/SQ/09 | **बेलौती विसौना खण्ड (ग)** (चन्द्रबहादुर रिमालको जग्गा अगाडिको खण्ड) | ६ | ४० | २० | १ | ८०० | २३०००० | १००० |
| ४ | Revenue/SQ/10 | **बेलौती विसौना खण्ड (घ)** (गोविन्द बस्नेतको जग्गा अगाडिको खण्ड) | ६ | ९० | २० | १ | १८०० | ५१०००० | १००० |
| ५ | Revenue/SQ/11 | **बेलौती विसौना खण्ड (ङ)** (टिकाराम राउतको जग्गा अगाडिको खण्ड) | ६ | ७० | २० | १ | १४ ०० | ४००००० | १००० |
| ६ | Revenue/SQ/12 | **लेतेफाँट खण्ड** (तालखोला दोभानदेखि मर्स्याङ्दी गाँउपालिकाको सिमानासम्म) | १० | ५० | ८ | १ | ४०० | ११५००० | १००० |

मनोज सिंह बोहरा
नि. प्रमुख प्रशासकीय अधिकृत

☎(फोन नं.): ०६६-५२०१५०

बेसीशहर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

२०७३

बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल

प.सं. (Ref No.): २०८३/०८४

च.नं. (Dis No.):

| क्र. सं. | ठेक्का नं. | उत्खनन् गरिने घाटको नाम तथा क्षेत्र | वडा | ल. मि. | चौ. मि. | उ. मि. | परिमाण (घ.मि.) | हुन आउने रकम | फाराम दस्तुर |
|---|---|---|---|---|---|---|---|---|---|
| ७ | Revenue/ SQ/13 | **खासुर अक्कर खण्ड क** (बेलौती बिसौना पारिपट्टी झोपु तलको भाग) | १० | १५० | १५ | १ | २२५० | ६५०००० | १००० |
| ८ | Revenue/ SQ/14 | **खासुर अक्कर खण्ड ख** (खासुर खासुर अक्कर खण्ड क देखि तल घुम्ती माथी भाग) | १० | १४० | २० | १ | २८०० | ८०००० | १००० |
| ९ | Revenue/ SQ/15 | **भोटेफाँट खण्ड** (भोटेफाँट झोपुदेखि तल अक्करदेखि माथिको भाग) | १० | ९० | १० | १ | ९०० | २५५००० | १००० |
| १० | Revenue/ SQ/16 | **पुवाखोला दोभान खण्ड** (पुवाखोला दोभान क्षेत्र) | ६ र ७ | ७० | १० | १ | ७०० | २००००० | १००० |
| ११ | Revenue/ SQ/17 | **रानीकुवा टापु मुनिको खण्ड** (रानीकुवा मरन घाटको माथिल्लो र तल्लो खण्ड) | ३ | २०० | १५ | १ | ३००० | ८५०००० | १००० |
| १२ | Revenue/ SQ/18 | **आँपचौर खण्ड** (आँपचौर मुनिको भाग ) | १० | १०० | १० | १ | १००० | २८५००० | १००० |
| १३ | Revenue/ SQ/19 | **बोहोराबेसी मुनिको खण्ड** (वोहोराबेसी बगरमुनीको भाग) | २ | ५० | १० | १ | ५०० | १४५००० | १००० |
| १४ | Revenue/ SQ/20 | **भकुण्डे थुम्कामुनीको खण्ड** (भकुण्डे थुम्कामुनी बगरघाट) | २ | ५० | १० | १ | ५०० | १४५००० | १००० |
| १५ | Revenue/ SQ/21 | **गैरी वगर घाट** (सुन्दरबजार न.पा. को सीमाना साधँखोलाको माथिल्लो भाग) | १ | ९० | १० | १ | ९०० | २५५००० | १००० |
| १६ | Revenue/ SQ/22 | **दोर्दी खोला क्षेत्र** (दोर्दी र मर्स्याङदी नदी दोभान) | ११ | १०० | १५ | २ | ३००० | ८५०००० | १००० |
| १७ | Revenue/ SQ/23 | **नाल्मा मिदिम खोला क्षेत्र** (मिदिमखोला वारिपटीको भाग) | ५ | ४० | १० | ०.८ | ३२० | १००००० | १००० |
| १८ | Revenue/ SQ/24 | **दोर्दी खोला क्षेत्र (ढुंगा समेत)** (चिती खण्ड दोर्दी खोला वारीपट्टिको भाग सबै) | ११ | ४०० | १० | ०.८ | ३२०० | ९१०००० | १००० |
| १९ | Revenue/ SQ/26 | **मुक्तिमिलन प्रा.वि. सडक माथिपट्टी (ढुंगा समेत)** | ९ | १५० | १५ | १ | २२५० | ६४०००० | १००० |
| २० | Revenue/ SQ/27 | **थारचौर खण्ड** (थारचौर धुपीचौर झोपु तल घुम्तिको खण्ड) | १० | १३० | २५ | २ | ६५०० | १८४०००० | १००० |
| २१ | Revenue/ SQ/28 | **बरबोट मुनिको खण्ड** (क्रसर उद्योग पारिपट्टि बरबोट मुनिको भाग) | ११ | ८० | २० | ३ | ४८०० | १३६०००० | १००० |
| २२ | Revenue/ SQ/29 | **बान्द्रे फाँट मुनिको खण्ड** (चिती मोटरेवल पुलदेखिमाथि बान्द्रे फाँट मुनिको भाग) | ११ | १३६ | २५ | १.५० | ५१०० | १४४५००० | १००० |

मनोज सिंह बोहरा
नि. प्रमुख प्रशासकीय अधिकृत

☎(फोन नं.): ०६६-५२०१५०

बेसीशहर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
२०७३

बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल

प.सं. (Ref No.): २०८३/०८४

च.नं. (Dis No.):

| क्र.सं. | ठेक्का नं. | उत्खनन् गरिने घाटको नाम तथा क्षेत्र | वडा | ल.मि. | चौ.मि. | उ.मि. | परिमाण (घ.मि.) | हुन आउने रकम | फाराम दस्तुर |
|---|---|---|---|---|---|---|---|---|---|
| २३ | Revenue/ SQ/30 | **आर्मी ब्यारेक पुछार खण्ड** (आर्मि ब्यारेक तल शिवालय मन्दिर मुनिको भाग) | १ | ६० | १५ | १ | ९०० | २५५००० | १००० |
| २४ | Revenue/ SQ/31 | **धाढाको पाखा खेल मैदान (गिट्टी, ग्राभेल)** | १ | | | | ७०१९ | १९८५००० | १००० |

**सूचनाका शर्तहरुः-**

१. यो ठेक्काको अवधि चालु आ.ब. २०८३।८४ को असार मसान्तसम्म एक बर्षको लागि हुनेछ। यस कार्यालयले निर्धारण गरेको कर वाहेकको दररेट रु. ८।- भन्दा बढी रकम असूल गर्न पाईने छैन ।

२. फर्मको हकमा नवीकरण भएको दर्ता प्रमाण-पत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाण-पत्र, करचुक्ता प्रमाण-पत्र र व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपीका साथै वोलपत्र फाराम दस्तुर बापत यस कार्यालयमा नगदै तिरेको वा राष्ट्रिय वाणिज्य बैंक शाखा कार्यालय बेसीशहरमा रहेको आन्तरिक राजश्व खाता नं. ग-१-१-३०४०१००३०१०१०००२ मा नगद जम्मा गरी सार्वजनिक खरिद अनुगमन कार्यालयको वेभसाइट www.bolpatra.gov.np बाट दरभाउ सम्वन्धी कागजातहरु डाउनलोड गरी दरभाउ फाराममा उल्लेख भएका सबै विवरणहरु भरी दरभाउ पत्रदाताले प्रत्येक पानामा सही छाप गरी ८औं दिन अर्थात मिति २०८३।०४।२९ गते १२.०० बजेभित्र सोही वेभसाईटमा अपलोड गरी सक्नु पर्नेछ ।दरभाउ पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सोको लगत्तैपछिको कार्यालय खुल्ने दिन उल्लेखित कार्य हुनेछ।

३. दरभाउ सम्वन्धी फाराम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख हुनु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । आफुले कबोल गरेको अंकको ५% का दरले हुने रकम राष्ट्रिय वाणिज्य बैंक शाखा कार्यालय बेसीशहरमा रहेको यस कार्यालयको धरौटी खाता नं. ग-३ ३०४०१००३०३००००२ मा जम्मा गरी सक्कलै बैंक भौचर वा नेपाल राष्ट बैंकबाट इजाजत प्राप्त बैंकबाट यस कार्यालयको नाममा दरभाउ पत्रको व्यहोरा उल्लेख गरी दरभाउ खोलिने मितिबाट १२० दिन अवधी भएको बैंक जमानत-पत्र (**Bank Guarantee**) पेश गर्नु पर्नेछ।

४. रितपूर्वक पर्न आएका दरभाउ सम्बन्धी कागजातहरु पेश गर्ने अन्तिम दिनको २.०० बजेदेखि विभिन्न कार्यालयका प्रतिनिधि, निर्माण व्यवसायी वा निजको प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिनेछ। साथै, दरभाउ-पत्रदाता वा निजको प्रतिनिधि दरभाउ खोल्ने समयमा उपस्थित नभएमा वोलपत्र खोल्न कुनै बाधा पर्ने छैन । उक्त दिन बिदा परेमा सो कार्य विदाको लगत्तैपछि कार्यालय खुलेको दिनमा गरिनेछ ।

५. रितपूर्वक पर्न आएका दरभाउ सम्बन्धी कागजातहरु पेश गर्ने अन्तिम दिनको २.०० बजेदेखि विभिन्न कार्यालयका प्रतिनिधि, निर्माण व्यवसायी वा निजको प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिनेछ । साथै दरभाउदाता वा निजको प्रतिनिधि दरभाउ खोल्ने समयमा उपस्थित नभएमा पनि वोलपत्र खोल्न बाधा पर्ने छैन । उक्त दिन बिदा परेमा सो कार्य विदाको लगत्तै पछि कार्यालय खुलेको दिनमा गरिनेछ ।

६. प्रि-विड बैठक यो सूचना प्रकाशन भएको मितिले ५औं दिन दिनको १.०० बजे यस नगरपालिकाको कार्यालयमा हुनेछ । इच्छुक दरभाउदाताहरुले उक्त बैठकमा भाग लिई यस सम्बन्धमा विस्तृत जानकारी हासिल गर्न सक्नु हुनेछ । उक्त दिन बिदा परेमा उक्त बैठक सोको भोलिपल्ट सोही समयमा हुनेछ ।

७. दरभाउ सम्बन्धी विस्तृत जानकारी दरभाउ फाराममा उल्लेख गरिएको हुँदा सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ । रीत नपुगी वा शर्तसहित पेश हुन आएका दरभाउ स्वीकार गर्न यस कार्यालय बाध्य हुने छैन । दरभाउ स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

मनोज सिंह बोहरा
नि. प्रमुख प्रशासकीय अधिकृत

☎(फोन नं.): ०६६-५२०१५०

बेसीशहर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

२०७३

प.सं. (Ref No.): २०८३/०८४

च.नं. (Dis No.):

बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल

८. दरभाउ पत्र स्वीकृत भएमा वा सोको जानकारी प्राप्त भएमा कार्यालयले तोकेको समयमा आफूले कबोल गरेको रकम र सोको लाग्ने सम्पूर्ण कर (भ्याट तथा आय कर) सहित सम्झौताका लागि यस कार्यालयमा उपस्थित हुनुपर्नेछ । ठेक्का वापतको पुरै रकम सोही आर्थिक बर्षको पहिलो चरणमै बुझाउने भएमा न्यूनतम दरभाउ अंक बाहेकको रकममा १०% छुट दिइनेछ । प्रतिबर्ष किस्ताको आधारमा रकम जम्मा गर्ने भएमा पहिलो किस्ता वापत (५०%) को रकम, पुरै कबोल अंकको लाग्ने भ्याट तथा आयकर रकम र दोस्रो किस्ता (५०% प्रतिशत) रकमको आगामी आ.ब.को असोज मसान्तसम्म म्याद भएको बैंक जमानत-पत्र सहित कार्यालयमा उपस्थित हुनु पर्नेछ । दोस्रो किस्ता बापतको रकम सोही आ.ब.को चैत मसान्तभित्र जम्मा गरिसक्नुपर्नेछ अन्यथा सोही बैंक जमानत-पत्रबाट असूल उपर गरिनेछ ।

९. तोकिएको म्यादभित्र सम्झौता गर्न नआएमा दरभाउ पेश भएको बखत राखिएको धरौटी रकम (विड वण्ड) जफत गरी नियमानुसार दरभाउ बन्दोवस्त गरिनेछ ।

१०. प्रचलित नियमानुसार कालो सुचीमा परेका र नगरपालिकालाई बुझाउनु पर्ने बाकी बक्यौता भएका व्यक्ति, फर्म तथा कम्पनीहरुले पेश गरेका दरभाउ फाराम उपर कुनै कारवाही हुनेछैन ।

११. रीत नपुगी वा शर्तसहित पेश हुन आएका दरभाउ स्वीकार गर्न यस कार्यालय बाध्य हुने छैन । दरभाउ स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

१२. ठेक्का सम्झौताका कुनै पनि शर्त उल्लङ्घन गरेमा नगरपालिकाले सम्झौता रद्द गर्न गरी धरौटी जफत गरी प्रचलित कानूनबमोजिम थप कारबाही गर्न सक्नेछ।

१३. प्रत्येक ढुवानी साधनमा नगरपालिकाबाट जारी गरिएको रसिद, कम्पनीको भ्याट बील वा ढुवानी अनुमति अनिवार्य हुनुपर्नेछ। ठेक्का अबधी समाप्त भएपछि प्रयोग भएका र नभएका सबै रसिदहरु फिर्ता गर्नु पर्नेछ ।

१४. नदीजन्य पदार्थ संकलन, बिक्री तथा ढुवानीकोको अभिलेख दैनिक रूपमा अद्यावधिक राखी मासिक प्रतिवेदन पेश गर्नु पर्नेछ, कार्यालयले मागेको बेला उपलब्ध गराउनु पर्नेछ। यस कार्यालयबाट तोकिएका सम्बन्धित पक्षबाट मात्र संकलन तथा बिक्रीको कार्य गर्नुपर्नेछ । यस कार्यालयको अनुमति विना निजी तवरबाट आफू खुशी शुल्कहरु तोकी कर छली गरी गराएको पाइएमा त्यस्ता ब्यक्ति वा संस्था कार्यवाहीको भागिदार हुनेछन् ।

१५. ठेक्कावालाले ठेक्का सम्झौतामा तोकिएको क्षेत्र, सीमा, अबधी र परिमाणभन्दा बाहिर उत्खनन् गर्न पाउने छैन। नदीको मूल बहाव परिवर्तन हुने, पुल, कल्भर्ट, सडक, तटबन्ध, खानेपानी मुहान, सिंचाइ संरचना, धार्मिक तथा सार्वजनिक सम्पत्तिमा असर पुग्ने गरी उत्खनन् गर्न पाइने छैन।

१६. स्वीकृत परिमाणभन्दा बढी उत्खनन् वा निकासी गरेको पाइएमा नगरपालिकाले सम्झौता रद्द गर्न, जमानत जफत गर्न तथा प्रचलित कानूनबमोजिम कारबाही गर्न सक्नेछ।

१७. ठेक्कावालाले उत्खनन् क्षेत्रमा सुरक्षा संकेत, जोखिम सूचना तथा आवश्यक सुरक्षा व्यवस्था मिलाउनुपर्नेछ। श्रमिकको सुरक्षा, स्वास्थ्य तथा श्रम कानूनको पालना गर्नुपर्नेछ।

१८. नदीजन्य पदार्थ ढुवानी गर्दा सवारीसाधन ओभरलोड गर्न पाइने छैन । धुलो नियन्त्रण, सडक सरसफाइ, वातावरण संरक्षण तथा प्रदूषण न्यूनीकरणका उपाय अपनाउनु पर्नेछ। साथै सडकमा पानी चुहिने गरी वा पदार्थ खस्ने गरी ढुवानी गर्न पाइने छैन।

१९. निर्माण सामाग्री घाटगद्दी गरेर राख्ने स्थानको एकिन बिबरण (नागरिकता, लालपुर्जा, सम्झौता आदि) पेश गर्नु पर्नेछ ।

२०. यस कार्यालयले निर्णय गरे बाहेक प्राकृतिक विपत्ति, बन्द, हड्ताल, पहिरो वा अन्य विशेष परिस्थितिका कारण कर संकलनमा कमी आए पनि ठेक्का रकममा कुनै छुट वा क्षतिपूर्तिको दाबी गर्न पाइने छैन ।

२१. ठेक्का अवधि समाप्त भएपछि उत्खनन् क्षेत्रलाई सुरक्षित तथा वातावरणमैत्री अवस्थामा छाड्नु पर्नेछ ।

मनोज सिंह बोहरा
नि. प्रमुख प्रशासकीय अधिकृत

**प.सं. (Ref No.):** २०८३/०८४

**च.नं. (Dis No.):**

२२. ठेक्का संचालन गर्दा सार्वजनिक शान्ति, सुरक्षा तथा स्थानीय कानूनको पूर्ण पालना गर्नुपर्नेछ। कुनै पनि सामग्री हटाउने, जफत गर्ने वा कारबाही गर्ने अधिकार ठेकेदारको पक्षतर्फ रहने छैन। त्यस्तो कार्य नगरपालिकाको निर्देशनमा मात्र गर्नुपर्नेछ।

२३. यस सुचनामा उल्लेख भएका शर्तहरु ठेक्काको सम्झौता प्रयोजनका लागि अभिन्न अंगको रुपमा मानिने छन्। यस सूचनामा उल्लेख भएको विषय यसै सूचना बमोजिम र उल्लेख नभएका विषय सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, ढुङ्गा, गिटी, वालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ (पहिलो संशोधन, २०७९ समेत) यस बेसीशहर नगरपालिका क्षेत्र भित्रका नदीजन्य पदार्थको व्यवस्थापन तथा उपयोग सम्बन्धी कार्यविधि, २०७४, यस कार्यालयबाट गरिएको प्रारम्भिक वातावरणीय प्रतिवेदन (IEE)२०८२, बेसीशहर नगरपालिकाको आर्थिक ऐन, २०८३ तथा वातावरण संरक्षण ऐन तथा नियमावली, नदीजन्य निर्माण सामाग्री उपयोग सम्बन्धमा भएका अध्ययन प्रतिवेदन एवं अन्य प्रचलित कानूनबमोजिम हुनेछ।

मनोज सिंह बोहरा
नि. प्रमुख प्रशासकीय अधिकृत